# भारतको ७८औं स्वतन्त्रता दिवस मनाउँदै



## सम्बन्ध सुदृढ गर्दैः भारतीय विदेशमन्त्रीको महत्त्वपूर्ण नेपाल भ्रमण

भारतका माननीय विदेशमन्त्री डा. एस. जयशंकरले सन् २०२४ जनवरीमा सफलतापूर्वक नेपालको भ्रमण सम्पन्न गर्नुभयो । भ्रमणका क्रममा दीर्घकालीन ऊर्जा सम्झौतामा हस्ताक्षर भएको थियो जसअन्तर्गत आगामी १० वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातलाई १०,००० मेगावाट पुऱ्याउन दुवै देशले प्रयास गर्नेछन् । नवीकरणीय ऊर्जा सहकार्य, मुनाल स्याटेलाइट प्रक्षेपण तथा उच्च प्रभाव सामुदायिक विकास परियोजना जस्ता क्षेत्रमा सहकार्य हेतु थप तीनवटा सम्झौतामा हस्ताक्षर भएको थियो । नयाँ सम्झौतामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि बजेटको सीमा नेरू. ५ करोडबाट बढाएर नेरू. २० करोड पुऱ्याइएको छ । त्यस्तै भारतीय विदेशमन्त्री र वहाँका नेपाली समकक्षीले रक्सौल-परवानीपुर लाइनको दोस्रो सर्किट, कटैया-कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा-मैनहिया लाइन गरी तीनवटा १३२ केभी अन्तरदेशीय प्रसारण लाइनको संयुक्त रूपमा उद्घाटन गर्नुभयो । साथै जाजरकोटमा गएको भूकम्पपछिको पुनर्निर्माणमा सहयोग गर्न भारत सरकारले करिब नेरू. १००० करोड आर्थिक सहयोग उपलब्ध गराउने भारतीय विदेशमन्त्रीले घोषणा गर्नुभयो ।

## राजदूतको सन्देश



भारतको ७८ औं स्वतन्त्रता दिवसको उपलक्ष्यमा नेपालमा रहनुभएका मेरा भारतीय नागरिक साथीहरू तथा भारतका मित्रहरूमा न्यानो शुभकामना व्यक्त गर्न पाउनु मेरो सौभाग्य हो ।

सतहत्तर वर्ष अघि आजकै दिन हाम्रो देशले शताब्दियौँदेखिको औपनिवेशिक शासनको जन्जिर तोडेको थियो । सबै भारतीयले आफ्नो आकांक्षा पूर्ति गर्न पाउन् र आफ्नो पूर्ण क्षमता चिन्न सक्षम होउन् भनेर हामीले हाम्रो नयाँ स्वतन्त्र देशमा आफ्नो भविष्य कोर्ने निर्णय गऱ्यौं । नागरिकका लागि न्याय, स्वतन्त्रता र समानता प्रत्याभूत गरिएको लोकतान्त्रिक राज्य व्यवस्थामा यी सबै कुरा गर्न सकिने भनेर हाम्रा संस्थापकहरूले सुनिश्चित गर्नुभयो । त्यस ऐतिहासिक दिनदेखि विगत सात दशकभन्दा बढी अवधिमा हामीले राष्ट्रको रूपमा थुप्रै प्रगति गरेका छौं । यस वर्षको सुरूवातमा विश्वकै सबैभन्दा ठूलो चुनावको आयोजनासहित स्वतन्त्र तथा निष्पक्ष चुनावमार्फत हाम्रो लोकतन्त्रको शक्तिलाई बारम्बार प्रकट गरिएको छ ।

विश्वव्यापी मामिलामा बढ्दो महत्वपूर्ण भूमिका खेलिरहेको भारत आज सबैभन्दा द्रुत गतिमा अघि बढिरहेको प्रमुख आर्थिक शक्तिको रूपमा उदाएको छ । गत वर्ष जी-२० शिखर सम्मेलनको सफलतापूर्वक अध्यक्षतालाई उदाहरणका रूपमा लिन सकिन्छ । हालैका अन्य उल्लेखनीय उपलब्धिहरूमा वैज्ञानिक क्षेत्रमा प्रगति र बहादुरी प्रस्तुत गर्दै चन्द्रयान-३ को चन्द्रमाको दक्षिणी ध्रुवमा सफल अवतरण साथै खेलकुद कौशल प्रदर्शन गर्दै आईसीसी टी-२० विश्वकप र अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा भारतले हासिल गरेको जीत पर्दछन् ।

अन्तर्राष्ट्रिय समुदायले जल्दोबल्दो विश्वव्यापी चुनौती हरूलाई सामूहिक रूपमा सम्बोधन गरे तापनि एक अग्रणी विकासशील राष्ट्रको रूपमा भारतले ग्लोबल साउथका प्राथमिकताहरू त्यसभित्र परून् भनेर सुनिश्चित गर्न आफ्नो प्रतिबद्धतामा लागिपरेको छ । यस सम्बन्धमा भारतले भ्वाइस अफ ग्लोबल साउथ सम्मेलनमार्फत ग्लोबल साउथका राष्ट्रहरूलाई एउटै मञ्चमा ल्याएको छ । नेपालले पनि उच्च तहमा यी सम्मेलनमा सहभागीता जनाएको छ । यस वर्षको सुरूवातमा भारतीय विदेशमन्त्रीको नेपाल भ्रमण, सन् २०२४ जुनमा नयाँ सरकारको शपथ ग्रहण समारोहमा नेपालका तत्कालीन प्रधानमन्त्रीको भारत भ्रमण र नेताहरूबीच हालै आदानप्रदान भएका बधाई सन्देश सहितको भारत र नेपालका नेताहरूबीच उच्चस्तरीय आदानप्रदानले दुई देशबीचको मित्रताको मजबुत सम्बन्धलाई प्रमाणित गर्दछ । गहिरो र ऐतिहासिक जनता-जनताबीचको सम्बन्धले पनि भारतको नेपालसँग बलियो नाता रहेको छ जसलाई हाम्रो स्वतन्त्रताको आन्दोलनमा नेपालका कैयौं प्रमुख व्यक्तिहरूले दिएको साथ सहयोगले प्रतिबिम्बित गर्दछ ।

नेपाल आफ्नो विकास यात्रामा अघि बढ्दै गर्दा भारत एक दृढ साझेदारको रूपमा रहनेछ । भारतको सहयोगमा नेपालको प्राथमिकता अनुसार अघि बढाइएका कैयौं पूर्वाधार तथा विकास परियोजनाहरूले हासिल गरेको गति तथा तीव्र प्रगतिले यस प्रतिबद्धतालाई पुष्टि गरेको छ । यस्ता परियोजनाले भौतिक, डिजिटल, ऊर्जा र जनता-जनताबीचको कनेक्टिभिटीलाई वृद्धि गर्न मद्दत गरेको छ । पर्यटनलाई प्रवर्द्धन गर्न मद्दत गर्ने अन्तरदेशीय डिजिटल भुक्तानी प्रणालीको सुरूवात, व्यापार वृद्धि गर्न सहयोग गर्ने नेपालगञ्जस्थित एकीकृत जाँच चौकीको संचालनसहित पछिल्लो एक वर्षमा कैयौं परियोजनाहरूको शुभारम्भ गरिएको छ । नयाँ अन्तरदेशीय रेलमार्ग, थप एकीकृत जाँच चौकी र पेट्रोलियम पाइपलाइन लगायत अन्य विभिन्न हाल निर्माण कार्य भइराखेका पूर्वाधार तथा कनेक्टिभिटी परियोजनाहरू यथाशीघ्र सम्पन्न गर्न हाम्रा दुवै सरकारहरू काम गरिरहेका छन् । हामीले क्षमता निर्माण, शिक्षा, कृषि, अन्तरिक्ष तथा डिजिटल जस्ता क्षेत्रमा हाम्रा सहकार्य विस्तार गर्ने आशा राखेका छौं । हाम्रा दुई देशबीचको ऊर्जा साझेदारी हाम्रो पारस्परिक लाभदायी सहकार्यको ज्वलन्त उदाहरण हो । पछिल्लो केही वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातमा उल्लेख्य वृद्धि भएको छ । यसले नेपाली अर्थतन्त्रका लागि जलविद्युत निर्यातलाई एक नयाँ आम्दानीको स्रोत बन्न मद्दत गरेको छ । आउँदो केही वर्षमा नेपाललाई अतिकम विकसित मुलुक (एलडीसी) को हैसियतबाट स्तरोन्नति गर्न बढ्दो ऊर्जा निर्यात सहयोगी साबित हुनेछ । हाम्रा दुई देशका जनताको कल्याण र समृद्धिमा विशेष ध्यान दिदै हाम्रा सदियौं पुरानो सभ्यतागत, साँस्कृतिक तथा ऐतिहासिक सम्बन्ध अघि बढिरहेको छ ।


यस प्रयासमा नेपालमा रहनुभएका भारतीय समुदायको भूमिका निकै सार्थक एवम् महत्वपूर्ण रहेको छ । हाम्रा दुई देशबीचको सम्बन्धलाई अझ बलियो बनाउन दूतावासले सञ्चालन गरेका कार्यहरूमा प्रदान गरिएको सहयोगका लागि म समुदायलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यहाँहरू सबैलाई सुखद एवम् उल्लासमय ७८ औं स्वतन्त्रता दिवसको हार्दिक शुभकामना ।

जय हिन्द

(Naveen Srivastava)





## विदेश सचिवको नेपाल भ्रमण

भारतका विदेश सचिव श्री विक्रम मिस्रीले नेपालका परराष्ट्र सचिव श्री सेवा लम्सालको निमन्त्रणामा सन् २०२४ अगस्ट ११ देखि १२ सम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । गत महिना अर्थात सन् २०२४ जुलाईमा विदेश सचिवको रूपमा कार्यभार सम्हालेपछि यो वहाँको पहिलो नेपाल भ्रमण हो । भ्रमणका दौरान विदेश सचिवले नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो । विदेश सचिवले माननीय उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री श्री प्रकाशमान सिंह, माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल, माननीय गृहमन्त्री श्री रमेश लेखक र माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग शिष्टाचार भेटवार्ता गर्नुभयो । भेटघाटका क्रममा दुवै पक्षले ऐतिहासिक, साँस्कृतिक, सभ्यतागत तथा जनता-जनताबीचको सम्बन्धमा गाँसिएको भारत र नेपालबीचको गहिरो र मैत्रीपूर्ण सम्बन्धमाथि जोड दिए । दुवै पक्षले ऊर्जा सहकार्यको क्षेत्रमा पारस्परिक लाभदायी साझेदारीमा भएको प्रगतिको प्रशंसा गरे । पछिल्लो २-३ वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातमा उल्लेख्य रूपमा वृद्धि भएको छ ।

## भारत-नेपाल विकास साझेदारी

पछिल्ला वर्षहरूमा विकास सहकार्यमा उल्लेखनीय प्रगति हासिल भएको छ ।

विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरू जस्तै – भौतिक, डिजिटल, ऊर्जा तथा जनता-जनताबीचको सम्बन्ध ।



### प्रमुख उपलब्धिः अरूण-३ जलविद्युत परियोजनाको हेड रेस सुरूङको ब्रेकथ्रु

२०८१ जेठ २२ गते नेपालको संखुवासभा जिल्लास्थित ९०० मेगावाटको अरूण-३ जलविद्युत परियोजनाको ११.८ किलोमिटर लामो हेड रेस सुरूङको फाइनल ब्लास्टसँगै ब्रेकथ्रु भयो । यो ९०० मेगावाटको अरूण-३ जलविद्युत आयोजनाको निर्माणमा महत्वपूर्ण कोसेढुङ्गा हो, जसले नेपालको जलविद्युत क्षमता वृद्धि गर्ने र देशको ऊर्जा सुरक्षामा योगदान पुऱ्याउने लक्ष्य राखेको छ । यस क्षेत्रको उर्जा पूर्वाधार विकासका लागि यस उपलब्धिको महत्वमाथि जोड दिदै कार्यक्रममा नेपाल र भारत दुवै देशका प्रमुख अधिकारीहरूले सहभागिता जनाएका थिए ।



### एकीकृत जाँचचौकी (आईसीपी) नेपालगञ्जः कनेक्टिभिटी बढाउँदै

नेपालमा भारतीय अनुदान सहयोगमा ५ वटा एकीकृत जाँचचौकीहरू कार्यान्वयनमा रहेका छन् । वीरगन्ज र विराटनगरमा क्रमशः सन् २०१८ र २०२० मा जाँचचौकी सञ्चालनमा आएका थिए । नेपालगञ्जस्थित एकीकृत जाँचचौकी मिति २०८१ वैशाख ९ गते औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । मिति २०८१ वैशाख २४ मा नेपालगञ्जस्थित जाँचचौकीमार्फत व्यापार सञ्चालन गरिएको थियो । यस विकासले भारत र नेपालबीचको व्यापारलाई सुदृढ र सहज गर्ने तथा दुई छिमेकी देश बीच अन्तरदेशीय वाणिज्य र आर्थिक सहकार्यलाई वृद्धि गर्ने अपेक्षा गरिएको छ ।



### प्रकोप राहतः पहिलो रेस्पोन्डर

नेपालका जाजरकोट तथा रूकुम पश्चिम जिल्लाहरूमा सन् २०२३ नोभेम्बर ३मा गएको विनाशकारी भूकम्पपछि भारत सरकारले ४८ घण्टा भित्र आपतकालीन राहत सामग्री उपलब्ध गराएको थियो । राहत सामग्रीको पहिलो खेपमा त्रिपाल, कम्बल, स्लीपिङ्ग ब्याग र अत्यावश्यक चिकित्सा सामग्रीहरू समावेश थिए । त्यसको अर्को दुई हप्तामा चिकित्सा तथा सरसफाई सामग्रीहरू उपलब्ध गराइएको थियो । सन् २०२४ जनवरीमा भ्रमणको क्रममा भारतका विदेशमन्त्रीले प्रिफ्याब घरहरू, १२०० वटा कम्बल, १५० वटा त्रिपाल, र २००० वटा स्लीपिङ्ग ब्यागहरू हस्तान्तरण गर्नुभएको थियो । भारतले नेपालको पुनर्निर्माण प्रयासलाई सहयोग गर्न करिब नेरू. १,००० करोड (७५ मिलियन अमेरिकी डलर) को आर्थिक सहयोग प्याकेजको पनि घोषणा गरेको थियो ।



### पूर्वाधार सहयोगः नयाँ त्रि.वि. केन्द्रीय पुस्तकालय तथा ५८ वटा परियोजनाहरू

माननीय विदेशमन्त्री डा. एस. जयशंकरले आफ्नो नेपाल भ्रमणका क्रममा तत्कालीन नेपालका परराष्ट्रमन्त्री श्री एन.पी. साउदसँग संयुक्त रूपमा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) केन्द्रीय पुस्तकालयको नयाँ भवनको उद्घाटन गर्नुभयो । साथै, दुवै मन्त्रीहरूले भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिएको नेपालमा भूकम्पपछिको पुनर्निर्माण परियोजनाका अन्य २५ वटा विद्यालय, ३२ वटा स्वास्थ्य संस्था र १ सांस्कृतिक क्षेत्रको पनि भर्चुअल माध्यमद्वारा उद्घाटन गर्नुभयो । यी नयाँ संरचनाहरूले प्रभावित समुदायहरूको पुनर्निर्माण र सहयोगका लागि महत्वपूर्ण कदमलाई प्रतिनिधित्व गर्दछ ।

### उच्च प्रभाव सामुदायिक विकास परियोजनाको २० वर्ष

**बजेटको सीमा नेरू ५ करोड्बाट बढाएर नेरू २० करोड पुऱ्याइएको छ ।**

**कुल परियोजनाहरूः ५५१ भन्दा बढी परियोजनाहरू**

- सम्पन्नः ४९० परियोजनाहरू
- निर्माण कार्य भइराखेको : ६१ परियोजनाहरू
- कुल लागतः नेरू. १२४९.०० करोड

**परियोजना गतिविधि (अगस्ट २०२३ - जुलाई २०२४):**

- उद्घाटन गरिएकाः २५ परियोजनाहरू
- सुरू गरिएका/समझदारीपत्रमा हस्ताक्षर भएकाः ६ परियोजनाहरू
- शिलान्यास गरिएका : ९ परियोजनाहरू




**उपहारस्वरूप प्रदान गरिएका एम्बुलेन्स र स्कुल बसहरू (अप्रिल २०२४):**

- एम्बुलेन्सः ३५
- स्कुल बसः ६६
- हालसम्म जम्माः १००९ वटा एम्बुलेन्स, ३०० वटा स्कुल बस



### अन्तर्राष्ट्रिय योग दिवस २०२४ को उत्सवमा हजारौंको सहभागीता

१०औं अन्तर्राष्ट्रिय योग दिवसको उत्सव मनाउन नेपालस्थित भारतीय राजदूतावासले काठमाडौं, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगंज, हेटौंडा, गौर र पोखरियासहित नेपालका १० वटा शहरहरूमा श्रृङ्खलाबद्ध रूपमा विभिन्न कार्यक्रमको आयोजना गरेको थियो । समग्रमा नेपालभरिका १०,००० भन्दा बढी मानिसहरूले सो कार्यक्रमहरूमा मा सहभागिता जनाएका थिए ।



### भारत-नेपाल मित्रताको नयाँ आयामः क्रिकेट

नेपालको राष्ट्रिय क्रिकेट टोली अहिले भारतको बैंगलोरस्थित नेशनल क्रिकेट एकेडेमी (एनसीए) मा दुई साताको प्रशिक्षण कार्यक्रममा सहभागी छ । सन् २०२४ जनवरीमा नेपाल भ्रमणको दौरान नेपाली क्रिकेट टोली र नेपाल क्रिकेट संघसँगको अन्तरक्रियामा भारतका माननीय विदेश मन्त्री डा. एस. जयशंकरले जोड दिए अनुरूप भारत नेपालमा क्रिकेट विकासको लागि प्रतिबद्ध छ ।

### शैक्षिक सम्बन्ध

**नेपालमा अध्ययनका लागि**

| | |
|---|---|
| ५०० | महात्मा गान्धी छात्रवृत्ति योजना अन्तर्गत कक्षा ११ र १२ का लागि |
| २०० | विभिन्न स्नातक तहका कोर्षमा अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना अन्तर्गत |

**भारतमा अध्ययन गर्नका लागि**

| | |
|---|---|
| ७०० | विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधी तहका कोर्षका लागि |
| ३३ | भारतमा आर्मी पब्लिक स्कुलमा अध्ययन गर्नका लागि |

**तालिम/क्षमता अभिवृद्धि कार्यक्रम**

| | |
|---|---|
| ४४४ | गत आर्थिक वर्षमा २९ वटा भारतीय संस्थानहरूमा ६४ वटा कोर्षमा प्रशिक्षण लिएका नेपाली उम्मेदवार |
| २१ | प्रमुख नेपाली संस्थाहरूका लागि कस्टमाइज्ड आइटेक कोर्षहरूको व्यवस्था |



अगस्ट २०२३ देखि अगस्ट २०२४ सम्मको अवधिमा भारत सरकारले नेपाली विद्यार्थीहरूलाई विभिन्न छात्रवृत्ति योजना अन्तर्गत १५०० भन्दा बढी छात्रवृत्ति प्रदान गरेको थियो ।




### वित्तीय कनेक्टिभिटीमा रोमाञ्चक उपलब्धि

नेपालमा युनिफाइड पेमेन्ट इन्टरफेस (युपीआई) मर्चेन्टले १ लाख वटा कारोवारको सिमा पार गर्नुलाई महत्वपूर्ण कोसेढुङ्गाको रूपमा लिइएको छ । यो उपलब्धि एनपीसीआइ ईन्टरनेसनल पेमेन्ट्स लिमिटेड (एनआइपीएल) र नेपालको सबैभन्दा ठूलो पेमेन्ट नेटवर्क, फोनपे बीचको सहकार्यबाट सम्भव भएको हो । अन्तरदेशीय Person-to-Merchant (P2M) UPI acceptance सन् २०२४ मार्चमा शुभारम्भ गरिएको थियो जसले भारत र नेपालबीचको डिजिटल भुक्तानी कनेक्टिभिटिको नयाँ युगलाई इंगित गर्दछ ।